## तेस्रो बैठक

आज मिति २०८३।०६।०२ गते शुक्रबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री फविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री फविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | श्री गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | श्री गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री रबिन्द्र प्रसाद चौधरी | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

निर्णय प्रमाणित गरिएको

भूमिकास्थान नगरपालिका नगर कार्यपालिका बैठक मिति २०८३/०६/०२ बैठक संख्याः ३

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | जुना पाण्डे | वरिष्ठ लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २३. | शेषकान्त घिमिरे | योजना शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २४. | सुनिल पोखेल | स.लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |

**प्रस्तावहरु**

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा,
२. नगरपालिका भित्रका वडाहरुको सीमा हेरफेर सम्बन्धमा,
३ घ वर्गको ईजाजत पत्र सम्बन्धमा,
४. छुटेका थर सूचिकरण सम्बन्धमा,
५. खोला IEE का लागि TOR स्वीकृत सम्बन्धमा,
६. मेडिकल अधिकृतको सुबिधा थप सम्बन्धमा,
७ १५ सैयाको आधारभूत अस्पतालमा थप स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धमा,
८. सेवा निवृत्त कर्मचारीहरुको सुबिधा सम्बन्धमा,
९ वडा नं.३ र ४ को जग्गा वर्गीकरण सम्बन्धमा,
१० विविध ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- सेवा करारमा कार्यरत कर्मचारीहरुलाई नयाँ संशोधित तलब भुक्तान प्रकृया अगाडि बढेको ।

**निर्णय नं.२ :** भूमिकास्थान नगरपालिका वडा नं.४ को धारापानी बजार देखि माथिपट्टी वडा नं.३ को नेपाली वस्तीलाई वडा नं.४ मा गाभ्ने बिषयमा स्थानीय बासीन्दाहरु मन्जुर भई लिखित सहमति समेत भई आएको हुँदा उक्त वस्तीलाई ४ नम्बर वडामा गाभ्न वडाहरुको संख्या तथा सीमाना हेरफेरका लागि गठित जिल्ला समितिमा सिफारिस गरि पठाउने र अन्य वडाहरुको हकमा स्थानीय स्तरमा व्यापक छलफल गरी हुने सहमती बमोजिम अघि बढ्ने निर्णय गरीयो ।

**निर्णय नं.३ :** यस नगरपालिकाको घ वर्गको निर्माण व्यबसायी ईजाजत सम्बन्धी कार्यविधी-२०७५ र संशोधन, २०७८ बमोजिम आवश्यक कागजात सहितको प्रकृया पुरा गरी निवेदन पेश गरेका तपसिलका १० वटा व्यक्ति/फर्महरुलाई नियमानुसार घ वर्गको निर्माण व्यबसायी ईजाजत पत्र उपलब्ध गराउने र उक्त घ वर्गको निर्माण व्यबसायी इजाजत नामसारीका लागि आवश्यक प्रकृया पुरा गरेका तपसिलका व्यक्ति १ (एक) जनाको हकमा माग बमोजिम घ वर्गको ईजाजत पत्र नामसारी गर्ने ।

**तपसिल**

**"घ" वर्गको निर्माण व्यबसायीको नयाँ इजाजत स्वीकृत भएका व्यक्ति तथा फर्महरू**

| क्र.स | फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम थर | कैफियत |
|---|---|---|---|---|
| १. | मान्या कन्स्ट्रक्सन | भू.न.पा-०८,अ.खाँ | ऋषभ पोखरेल | |
| २. | बस्याल कन्स्ट्रक्सन | भू.न.पा-०८, अ.खाँ | सागर बस्याल | |
| ३. | मन्नुभाईज निर्माण सेवा | भू.न.पा-०८, अ.खाँ | केशव घिमिरे | |
| ४. | ड्रिम निर्माण सेवा | भू.न.पा-०८,अ.खाँ | राम प्रसाद खनाल | |
| ५. | गंगा निर्माण सेवा | भू.न.पा-०८, अ.खाँ | गंगा घिमिरे | |
| ६ | आर्या निर्माण सेवा | भू.न.पा-०८, अ.खाँ | कुलराज खनाल | |
| ७ | एस.पी निर्माण सेवा | भू.न.पा-०८, अ.खाँ | पिताम्बर सेजवाल | |
| ८ | आचार्य कन्स्ट्रक्सन | भू.न.पा-०८, अ.खाँ | भरत प्रसाद आचार्य | |
| ९. | ओम कुमारी कन्स्ट्रक्सन | भू.न.पा-०७,अ.खाँ | ओम बहादुर पाण्डे क्षेत्री | |
| १० | टि एन टि कन्स्ट्रक्शन | भू.न.पा.२, अ.खाँ. | राम बहादुर क्षेत्री | |

**"घ" वर्गको निर्माण व्यबसायीको इजाजत नामसारी स्वीकृत भएका व्यक्ति तथा फर्महरू**

| क्र.स | फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम थर | नामसारी हुने व्यक्तिको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | कालिका कन्स्ट्रक्सन | भू.न.पा-०२,अ.खाँ | तोकनारायण भट्टराई | शोभा बेल्बासे | बुद्धभूमि-९ कपिलवस्तु |

निर्णय प्रमाणित गरिएको

२०८३/६/०२

CamScanner

भूमिकास्थान नगरपालिका नगर कार्यपालिका बैठक मिति २०८३/०६/०२ बैठक संख्याः ३

**निर्णय नं.४ :** नेपालको संविधान २०७२ तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ र राष्ट्रिय समावेशी आयोग नियमावली २०७९ ले व्यवस्था गरे अनुरुप समावेशी आयोगबाट खस आर्य जातिको थर सूचिकरण गरी नेपाल सरकारलाई सिफारिस गर्ने प्रयोजनका लागि यस नगरपालिका भित्र छुटेका थरहरु पहिचान गरी पठाउन अनुरोध भई आएकोमा समावेशी आयोगमा खस आर्यको सूची अन्तर्गतका ६६७ थरहरु पहिचान भईसकेका र यस भूमिकास्थान नगरपालिका भित्र बसोबास गर्ने क्षेत्री अन्तर्गत पर्ने नगरकोटी, क्षेत्री र सेजवाल थरहरु र दलित तर्फको सौराग थर हालसम्म पनि सूचीकरण हुन बाँकी रहेको पाइएकोले उक्त छुटेका थरहरु सूचीकरणका लागि राष्ट्रिय समावेशी आयोगमा सिफारिस गरि पठाउने निर्णय गरीयो ।

**निर्णय नं.५ :** भूमिकास्थान नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने दुर्वाङ्ग खोला र खाकाबेशी खोलाबाट चालु आ.ब.२०८३/०८४ मा नदिजन्य वस्तु (ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् संकलन र निकासी कर संकलन गरी आन्तरिक आय संकलन गर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको म्याद सकिएकोले पुनः उक्त दुर्वाङ्ग खोला र खाकाबेशी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् संकलन र निकासी कर संकलनको कार्य सञ्चालन गर्नु पूर्व चालु आ.ब.२०८३/०८४ मा अनिवार्य रुपमा IEE गर्नु पर्ने भई उक्त प्रारम्भिक वातावरणीय परीक्षण गर्ने कार्यका लागि कार्यालयबाट TOR तयार भई स्वीकृतिका लागि नगर कार्यपालिका बैठकमा पेश भएकोमा उक्त TOR स्वीकृत गरी तत्काल IEE को प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन ।

**निर्णय नं.६ :** भूमिकास्थान नगरपालिकाको १५ सैयाको आधारभूत अस्पताल सञ्चालन गर्न मेडिकल अधिकृत लगायतका विभिन्न पदहरुमा कर्मचारी पदपूर्ती भएकोमा नेपाल सरकारबाट निर्धारण भएको पारिश्रमिकबाट OPD र बर्थिङ्ग सेन्टरको साथै २४सै घण्टा उपचार सेवा सञ्चालनका लागि मेडिकल अधिकृत पदमा कर्मचारी खटन पटन गर्न समस्या हुने देखिएकोले उक्त मेडिकल अधिकृत पदका कर्मचारीको मासिक पारिश्रमिक बराबर हुनेगरी प्रत्येक महिना प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं.७ :** भूमिकास्थान नगरपालिकाको १५ सैयाको आधारभूत अस्पताल व्यवस्थित रुपले सञ्चालन गर्न फामेर्सी स्थापना गर्ने र सो को व्यबस्थित सञ्चालनका साथै उक्त अस्पतालमा आवश्यक पर्ने थप स्वास्थ्यकर्मी व्यबस्थापनको कार्य समेत भूमिकास्थान नगरपालिकाको नगर अस्पताल व्यबस्थापन समितिलाई जिम्मा लगाउने निर्णय गरीयो ।

**निर्णय नं.८ :** भूमिकास्थान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयमा लामो समयसम्म राष्ट्रसेवक कर्मचारीको रुपमा रही सेवा प्रदान गरी सेवाबाट अवकाश हुने कर्मचारीहरुलाई सेवाबाट अवकाश भए लगत्तै दीर्घसेवा सम्मान स्वरुप जनही रु.१२५०००।- उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं.९ :** भूमिकास्थान नगरपालिकाको १० वटै वडाको जग्गा वर्गीकरणका लागि यस कार्यालय र परामर्शदाता संस्था श्री Geo World Pvt. Ltd. सँग मिति २०८२/०९/२३ मा भएको सम्झौता बमोजिम उक्त संस्थाले भू.न.पा.वडा नं.३ र ४ बाहेकका सबै वडाहरुको जग्गा वर्गीकरण सम्पन्न गरेको र वडा नं.३ र ४ को जग्गाको नक्शा नापी कार्यालयबाट उपलब्ध नहुँदा उक्त जग्गाहरुको वर्गीकरणको कार्य बाँकी रहेको देखिएकोले उक्त वडा नं.३ र ४ को जग्गा वर्गीकरणको कार्य चालु आ.ब.२०८३/०८४ मा समयमै सम्पन्न गर्न उक्त संस्थालाई ताकेता गर्ने र वर्गीकरणको कार्य सम्पन्न भएका वडाहरुको हकमा जग्गाको कित्ता तथा क्षेत्रफल सम्बन्धित जग्गाधनीहरुको प्रत्यक्ष उपस्थितिमा रुजु गर्ने प्रयोजनका लागि १/१ प्रति जग्गा वर्गीकरण प्रतिवेदन वडा कार्यालयमा उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं.१० :** भूमि व्यबस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहको स्वःमूल्याङ्कन गर्ने प्रयोजनका लागि व्यवस्थापन भएको स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को पोर्टलमा यस भूमिकास्थान नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका विभिन्न शाखाहरुबाट आ.ब.२०८२/०८३ मा सम्पादित कार्यका अभिलेखहरु प्रविष्ट गरि मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन योजना शाखा प्रमुख (LGPAS फोकल पर्सन) बाट तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भई प्रमुख प्रशासकीय अधिकृतको समिक्षा पश्चात कुल पूर्णाङ्क १०० मध्ये जम्मा ७३.७४ % अङ्क जिल्ला समन्वय समिति, अर्घाखाँचीमा पेश भएकोमा जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँचीले पृष्ठपोषण सम्पन्न गरी पेश भएको अङ्क मध्ये ९(नौ) वटा सूचकहरुमा सुधारका लागि यस नगरपालिकामा पठाएकोमा उक्त पृष्ठपोषण प्रतिवेदनले औल्याएका सुधार गर्नुपर्ने प्रमाणहरु पुनः प्रविष्ट गरी अन्तिम नतिजाको रुपमा जम्मा ७३.१ (त्रिहत्तर दशमलव एक) अङ्क प्राप्त गरेकोले उक्त नतिजा यस नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरी मन्त्रालयमा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं.११ :** भूमिकास्थान नगरपालिका भित्रका विभिन्न वडाहरुका सीमा क्षेत्रमा पर्ने सामुदायिक वनहरुको अधिकार क्षेत्र अपायक अवस्था सृजना हुनेगरी अन्य वडाहरुको पायक पर्नेगरी घुसेको पाइएकाले त्यस्ता अपायक हुनेगरी धुसेका जग्गाको सीमा हेरफेर गरी वडाको पायक पर्नेगरी मिलान गर्न डिभिजन वन कार्यालय, अर्घाखाँचीलाई सिफारिस गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं.१२ :** भूमिकास्थान नगरपालिकाको १५ सैयाको आधारभूत अस्पतालको प्राङ्गण भित्र रहेको अस्पतालको क्यान्टिन प्रयोजनका लागि निर्मित भवनलाई व्यबस्थित रुपले सञ्चालन गर्न तपसिल बमोजिमको भाडा दर निर्धारण गर्ने र उक्त क्यान्टिन सञ्चालन गर्न आवश्यक प्रकृया अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय प्रमाणित गरिएको

**निर्णय नं.१३ :** सन्धिखर्क नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने सन्धिखर्क वडा नं.७ स्थित सुपादेउराली मन्दिर परिसर आसपासबाट भूमिकास्थान नगरपालिकाको वडा नं.९ को मसिनाको लेक नजिकै सन्धिखर्क नगरपालिका भित्रको जग्गामा स्टेशन निर्माण हुनेगरी केवलकार सञ्चालन हुन पूर्वाधार निर्माणको प्रकृयाका लागि छलफल चलिरहेको जानकारी प्राप्त भई बैठकमा व्यापक छलफल भयो । सो सन्दर्भमा भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने भूमिकास्थान नगरपालिका वडा नं.९ मसिनाको लेक हुँदै वडा नं.१० को धनचौर सेंढलेडसम्मको क्षेत्र समेत प्रभावित हुने भएकोले उक्त क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यका लागि सन्धिखर्क नगरपालिकाको साथै उक्त केवलकार सञ्चालन गर्ने संस्था/व्यक्तिसँग छलफल गर्नेगरी अघि बढ्ने निर्णय गरीयो ।

**निर्णय नं.१४ :** भूमिकास्थान नगरपालिकाका १० वटा वडाहरुमा रहेका कृषकहरुले पालन गर्दै आईरहेका विभिन्न जातका बाख्राहरु मध्ये गत २०८३ साउन महिनामा पि.पि.आर. रोगको महामारीबाट विभिन्न जातका बाख्राहरुको मृत्यू भई कृषकहरुको ठूलो क्षती भएका सन्दर्भमा यस प्रकारको महामारीबाट मृत्यू हुने बीमा भए बाहेकका पशुपंक्षीहरुको हकमा भूमिकास्थान नगरपालिकाको विपद व्यवस्थापन कार्यविधिमा उल्लेखित दररेटमा संशोधन हुनेगरी देहाय बमोजिम राहत उपलब्ध गराउने गरी अघि बढ्ने निर्णय गरीयो ।

| सि.नं. | पशुपंक्षीको प्रकार | राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | ब्याउने भैंसी | १०००० | |
| २ | भैंसी अन्य | ८००० | |
| ३ | राँगा | ८००० | |
| ४ | गाई उन्नत जातको | ८००० | |
| १ | गोरु | ८००० | |
| २ | बाखा उन्नत जातको | ५००० | |
| ३ | बाखा लोकल खरी जातको | ३००० | |
| ४ | बंगुर | ५००० | |
| ५ | कुखुरा माउ | ३०० | |
| ६ | कुखुराको चल्ला | ५० | |

**निर्णय नं.१५ :** भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधी, २०८३ दफा (४) को उपदफा (१) मा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्शा लगायतका कार्यमा सहयोग र सहजिकरण गर्न भूमिकास्थान नगरपालिकामा देहाय बमोजिमको नगर स्तरीय भूमि समस्या सहजिकरण समिति गठन गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. नगर प्रमुख श्री भविलाल थापा - संयोजक
२. नगर उपप्रमुख श्री बालकृष्ण बन्जाडे - उपसंयोजक
३. भूमिकास्थान नगरपालिका भित्र क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलले खटाएको एक/एक जना प्रतिनिधि- सदस्य
४. नगर कार्यपालिका सदस्य श्री बिष्णु वि.क. - सदस्य
५. नगर कार्यपालिका सदस्य श्री गिता जि.एम. - सदस्य
६. प्रमुख प्रशासकीय अधिकृत रबिन्द्र प्रसाद चौधरी - सदस्य सचिव

**निर्णय नं.१६ :** भूमिकास्थान नगरपालिका वडा नं.५ जन्मघर भई हाल भूमिकास्थान नगरपालिका वडा नं.६ को दुर्वाङ्गमा बसोबास गर्दै आइरहेको बर्ष १० को श्री शिव बहादुर कुमाल उदण्ड भई आसपासमा बसोबास गर्ने व्यक्ति तथा घरपरिवारहरुलाई दुःख दिईरहेको सन्दर्भमा निजलाई प्रहरी नियन्त्रणमा लिन प्रयास गर्दा उक्त प्रयास समेत असफल भएकोले निजलाई ३ महिनाको लागि सुधार गृहमा पठाउने र सो को उक्त अवधीमा हुन आउने खर्च भूमिकास्थान नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. १७ :** भूमिकास्थान नगरपालिकाको विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधी, २०८३ स्वीकृत गरी अघि बढ्ने निर्णय गरीयो ।

निर्णय प्रमाणित गरिएको

६।०२